नेपाल सरकार

**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**

(स्रोत परिचालन समन्वय शाखा)

प.सं. ०८०\०८१

च.नं ३१

मिति: २०८०/०९/०५

**विषय : प्रतिबद्धता पत्र पेश गर्ने सम्वन्धमा।**

श्री सूचिकृत स्थानीय तह ( सबै )

प्रस्तुत सम्वन्धमा नव प्रवर्तनमा आधारित स्थानीय आर्थिक विकास कार्यक्रम संचालन कार्यविधि , २०८० स्वीकृत भई लागु भई सकेको ब्यहोरा अवगत नै छ । उक्त कार्यविधि बमोजिम यस आ.व. ०८०/०८१ मा कार्यक्रम संचालनको लागि कार्यविधिको दफा ४० (२) बमोजिमको मापदण्ड पूरा गरेका ४६२ (चार सय बैसठ्ठी ) स्थानीय तहको सूची मन्त्रालयको वेवसाईट मार्फत मिति २०८०/०९/०४ गते सार्वजनिक भई सकेको छ ।

उल्लिखित सूचीमा नाम समावेश भएका यस कार्यक्रममा सहभागी हुन ईच्छुक स्थानीय तहहरुले कार्यक्रममा सहभागी हुनको लागि देहाय बमोजिमको कागजात २०८० पौष २० गते भित्र मन्त्रालयको ईमेल :- rmc.section@mofaga.gov.np मा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**क ) कार्यक्रममा सहभागी हुने कार्यपालिकाको निर्णयको प्रमाणित प्रतिलिपी ।**

**ख ) कार्यक्रमको लागत साझेदारी प्रतिवद्धता पत्र ।**

( आफ्नो कार्यपालिकाको बैठकवाट निर्णय गराई कार्यविधिको दफा ४२ बमोजिम ( महानगर / उपमहानगरपालिकाको हकमा रु १ करोड सम्मको कार्यक्रमको लागि ३० प्रतिशत, नगरपालिकाको हकमा रु १ करोड सम्मको कार्यक्रमको लागि २५ प्रतिशत र गाउँपालिकाको हकमा रु ७५ लाख सम्मको कार्यक्रमको लागि १५ प्रतिशत )

**ग) कार्यविधिको पूर्णपालना गर्ने प्रतिवद्धता पत्र ।**

२०८० पौष २० गते पछि प्राप्त हुन आएको प्रतिवद्धता पत्र र प्रतिवद्धता पेश नगरेका स्थानीय तहलाई कार्यक्रममा समावेश नगराईने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

नमराज सापकोटा

(शाखा अधिकृत)